# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला

गण्डकी प्रदेश, नेपाल

☎ ०७८-५७५३९६, ५७५०१०

Website: www.devchulimun.gov.np


प.सं.०७५।७६

च.नं. ११५८

मिति : २०७५।०९।१२

### प्रेस विज्ञप्ति

आज मिति २०७५।०९।१२ गते बिहिबार देवचुली नगरपलिकाले सि.जि. ईन्डष्टियल पार्क अगाडिको अनधिकृत फुटपाथ व्यापार व्यावसाय पूर्ण रुपमा हटाएको छ । यस अनधिकृत फुटपाथ व्यापार व्यावसाय हटाउन नगरपालिकाबाट पूर्व सूचना दिइ अग्रिम जानकारी दिइएको थियो ।

स्थानीय भद्रभलाद्मी, व्यापारी, व्यावसयी, स्थानीय जनप्रतिनिधि, वडा अध्यक्ष, नगर प्रमुख, कार्यालयका प्रमुख प्रशासकीय अधिकृत, सञ्चारकर्मी लगायत अफिसियल कर्मचारीहरु सहितको उपस्थितिमा उक्त स्थानको अनधिकृत व्यापार व्यावसाय स्थानीय जनप्रतिनिधि र प्रहरी प्रशासनको समन्वय र सहकार्यमा फुटपाथ व्यापार हटाउने काम भएको हो ।

स्थानीय फुटपाथ व्यावसायीहरुको व्यावसाय प्रवर्द्धन र सहजीकरणको लागी सि.जि. नजिकैमा व्यक्तीहरुको निजि जग्गामा जग्गा मालिकको सहमतिमा लिजमा जग्गा लिई भाडामा पार्किङ्ग र ठेला व्यपारीको लागि व्यावसाय गर्ने स्थानीय वडा अध्यक्षको रोहबरमा नगरपालिकामा मिति २०७५।०९।१६ गते विहान १२:०० बजे नगरपालिकाको कार्यालयमा आवश्यक छलफल गरी पार्किङ्ग व्यवस्थापन गर्नका लागि अनौपचारिक छलफल गर्ने सहमति भएको छ ।

नगर प्रमुखको लिखित आदेशमा नगरपालिकाले मुल सडकको दाँया बाँया र भित्री सडकमा अनधिकृत सडक व्यापार गर्न रोक लगाउन जानाकारी गराईएको र नगर सुरक्षा कर्मचारीलाई अटेर गर्नेलाई कानुन बमोजिम फुटपाथ हटाउन कानूनी अख्तियारी प्रदान गरिएको थियो । सडकको दाँया बाँया नक्शा स्वीकृति बेगर भवन अगाडी रहेका भऱ्याङ हटाउन समेत नगरपालिकाले निर्देशन गरेको छ । यस अभियानलाई स्थानीय नगरबासी र व्यापारी व्यावसायीहरुले उच्च रुपमा चर्चा गरी प्रशंसा गरेका छन् ।

प्रमुख प्रशासकीय अधिकृत
देवचुली नगरपालिका

ईमेल : devchulimunicipality@gmail.com

Scanned by CamScanner